# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 20 No 4 Monthly International Edition of Herald of His Coming April 2019
वर्ष २०, अङ्क ४ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (वैशाख, २०७६)

# परमेश्वरको अनुग्रहले जागृतिको निम्ति आशा दिन्छ

## God's Grace Gives Hope for Revival

**By Rich Carmicheal**

Vol. 77 No. 9 (921)

परमेश्वरको अनुग्रहले जागृतिको निम्ति आशा दिन्छ भन्ने सन्दर्भमा प्रेरितको पुस्तकमा थुप्रै उदाहरणहरू दिइएका छन्, "ती प्रेरितहरूले बडो शक्तिका साथ प्रभु येशूको पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो ।" (प्रेरित ४ : ३३) याद गर्नुहोस् कि मण्डलीमा प्रशस्त जागृति आउनुको मुख्य कारण परमेश्वरको अनुग्रह तिनीहरूमाथि रहेको थियो । "तिनीहरू प्रेरितहरूका शिक्षा, संगति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे । हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्नहरू भए । विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे र तिनीहरूका सबैथोक साझा थिए । तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचीकन ज-जसलाई जे कुराको खाँचो पऱ्यो सबैलाई ती बाँडिदिन्थे । तिनीहरू एकै पक्षका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे र घरघरमा रोटी भाँच्थे र तिनीहरू खुसी र शुद्ध हृदयले मिलीजुली खान्थे र परमेश्वरको प्रशंसा गर्दै र सबै मानिसहरूबाट सुभेच्छा पाउँदै बस्थे । उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो ।" विश्वास गर्नेहरूको समूह सबै एक हृदय र एकै आत्माका भएका थिए, तिनीहरूमध्ये एउटाले पनि आफ्नो धनसम्पत्तिको केहीथोक यो मेरो आफ्नो हो भनी भन्दैनथ्यो । तर तिनीहरूका सबै थोक साझा थिए । ती प्रेरितहरूले बडो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे र तिनीहरू सबैमाथि अनुग्रह रहेको थियो । तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गा जमिन कि घरका मालिक थिए, तिनीहरूले बेचेर त्यसको मोल ल्याउँथे र प्रेरितहरूको चरणमा राखिदिन्थे । (प्रेरित २ : ४२ - ४७, ४ : ३२ - ३५) मण्डलीले आफ्नो महिमाको निम्ति कति सक्छ त्यति गर्नुपर्छ । त्यस्ता किसिमका हृदय परमेश्वरले आफ्नो पवित्र आत्माद्वारा उहाँको अनुग्रह गर्नुहुन्छ ।

हो, मण्डली भन्नेबित्तिकै सबै असल हुन्छ भन्ने छैन । उदाहरणको लागि याकूबले राम्रोसँग प्रस्तुत गर्दछन्, "तिमीहरूका बीचमा लडाइँ र झगडाहरू कुन कुराले ल्याउँछ ? के यी सब तिम्रो शरीरका अङ्गहरूमा संघर्ष गर्ने अभिलाषाहरूबाट आएका होइनन् र ? तिमीहरू इच्छा त गर्छौ तर तिमीहरू पाउँदैनौ । तिमीहरू हत्या गर्छौ र लोभ गर्छौ, तर पाउन सक्दैनौ । तिमीहरू झगडा गर्छौ र लडाइँ गर्छौ । तिमीहरूसित हुँदैन किनभने अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ । व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन ?

त्यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैँलाई परमेश्वरको शत्रु बनाउँछ। के तिमीहरू यो सम्झन्छौ कि पवित्र धर्मशास्त्रले व्यर्थमा यसो भन्दछ, हामी परमेश्वरले राख्नु भएका आत्माको निम्ति उहाँ तीव्र डाहा राख्नुहुन्छ।" त्यस्तै गरी फेरि याकूबले पद ६ मा पनि यसरी भन्दछन्, "तर उहाँले अझ बढी अनुग्रह दिनुहुन्छ ? यसैकारण पवित्र धर्मशास्त्र यसो भन्दछ परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।" (याकूब ४ : ५, ६) पावलले रोमीको पुस्तकमा यसरी भन्दछन्, कि, "व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन बढी मात्रामा बढ्यो।" (रोमी ५ : २०)

जेसुकै होस् मण्डलीको जागृतिको निम्ति सबै पापहरू क्षमा माग्दै प्रभुको अनुग्रहमा आशा राख्नेहरूलाई उनीहरूको बीचमा परमेश्वरले संख्याहरू थप्दै वृद्धि गराउँदै लैजानुहुन्छ। जो मानिसहरू नम्र हुँदै खीष्ट येशूमा भित्री चासोसहित परमेश्वरको प्रतिज्ञालाई पालना गर्दै उहाँमा लागिरहन्छ। उनीहरूलाई परमेश्वरले वृद्धि गराउँदै लैजानुहुन्छ र उनीहरूमाथि अनुग्रह गर्नुहुन्छ। "तर उहाँले अझ बढी अनुग्रह दिनुहुन्छ ? यसैकारण पवित्र धर्मशास्त्र यसो भन्दछ, परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ। प्रभुको सामुन्ने आफूलाई विनम्र तुल्याओ र उहाँले तिमीहरूलाई उच्च पार्नुहुने छ।" (याकूब ४ : ६, १०)

परमेश्वरको अनुग्रहको प्रकृति सधैँ हामीलाई क्षमा दिनु हो, सहायता गर्नु हो, डोऱ्याउनु हो, आशिष दिनु हो। प्रेरित पत्रुसले उहाँको बारेमा यसरी प्रस्तुत गर्दछन्, "सबै अनुग्रहका परमेश्वरले खीष्टमा आमफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनु भएको छ। तिमीहरूले केहीबेर कष्ट भोगेपछि उहाँले नै तिमीहरूलाई (१ पत्रुस ५ : १०) र त्यस्तै गरेर हिब्रूको लेखकले पनि अनुग्रहको बारेमा यसरी भन्दछन्, " यसकारण साहससँग अनुग्रहको सिंहासननजिक जाओ, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।" (हिब्रू ४ : १६) उहाँको अनुग्रह प्रशस्त मात्रामा छ भनेर पावलले पनि लेखेका छन्, "तर मलाई उहाँले भन्नुभयो, मेरो अनुग्रह तेरो तिम्ति पर्याप्त छ किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ। यसकारण खीष्ट शक्ति ममा बास गरोस् भनेर बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्व गर्ने छु।" (२ कोरिन्थी १२ : ९) पावलले रोमीहरूलाई पनि खीष्टको अनुग्रह प्रशस्त छ भनेर लेख्दछन्, "यदि एउटै मानिसको अपराधनले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भने त झन बढी प्रशस्त अनुग्रह र धार्मिकता सित्तैको वरदान पाउनेहरूले एउटै मानिसले येशू खीष्टद्वारा अनुग्रहलाई पावलले एफिसीमा यसरी लेख्दछन्, "यस हेतुले कि उहाँले हामीलाई आफ्नो प्रिय पुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। यो चाहिँ खीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असिम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो।" (एफिसी १ : ६, २ : ७) उहाँको अनुग्रह अपार छ भन्ने बारेमा एफिसीमै पावलले यसरी लेख्दछन्, "उहाँको अपार अनुग्रहअनुसार खीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रो पापाको क्षमा पाउँदछौँ, जुन अनुग्रह उहाँले हामलिाई प्रशस्त मात्रामा दिनुभयो।" (एफिसी १ : ७ र ८) उहाँको अनुग्रह हाम्रो हृदयको निम्ति पूर्णरूपमा उपहार हो, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र यो तिमीहरू आफैँबाट होइन यो त परमेश्वरको वरदान हो। उहाँले हामीलाई उद्धार गर्नुभयो र एउटा पवित्र बोलावटद्वारा बोलाउनु भयो। हाम्रो कामको आधारमा होयन तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले खीष्ट येशूमा युग युग अघिदेखि हामीलाई दिनुभएको थियो।" (एफिसी २ : ८, २ तिमोथी १ : ९) हाम्रो आशा भनेको उहाँले स्वर्गको ढोका खोल्नुहुनेछ र अनुग्रहको वर्षा वर्षाउनुहुनेछ। हामीमाथि साथै सम्पूर्ण मण्डली परिवारमाथि, त्यसैले परमेश्वरको राज्यमा जागृति आउनको निम्ति उहाँले अनुग्रहको वर्षा बर्साउनु पर्छ।

हाम्रो परमेश्वर कहिल्यै परिवर्तन नहनु हुने हुनुहुन्छ। हिजो आज र भोलि सधैँ एक समानको परमेश्वर हुनुहुन्छ र उहाँ आफ्नो अनुग्रह बर्साउनलाई सधैँ तयार हुनुहुनछ। तर हामी सधैँ उहाँको अगाडि नम्र हुनु आवश्यक छ, साथै उहाँको खोजी गर्नुपर्छ। संसारमा थुप्रै मानिसले उहाँको अनुग्रहको खोजी त गर्दछन् तर आफूलाई नम्र पार्न सक्दैनन्। जबसम्म

उहाँको अनुग्रहको आशा राखिन्छ तब हामीले आफ्ना पाप स्वीकार गर्दै उहाँमा आफैँलाई नम्र पारेर उहाँको अनुग्रहको आशा राख्दछौँ । उहाँले अनुग्रहको भारी वर्षा बर्साउनुहुनेछ र मण्डलीमा पूर्ण रूपमा परिवर्तन आउनेछ वा जागृति आउनेछ । पूर्ण मण्डलीले उहाँको अनुग्रहले यस पृथ्वीलाई ढाकोस् भनेर प्रार्थना माग्नुपर्छ । त्यसकारण आउनुहोस् प्रार्थनामा एक होओ, आफैलाई नम्र पारौँ, जसले मानिसहरूको बीचमा मुक्ति र जागृतिको आशिष पर्नेछ । आउनुहोस् हाम्रो आँखालाई स्वर्गतिर उचालौँ, जसले हाम्रो आशालाई हाम्रो बीचमा ल्याउनेछ र हाम्रो अनुग्रहको तृष्णालाई मेटाइ दिनेछ

**तिम्रो बोझलाई उहाँमा राखिदेऊ**

यदि तपाइँ वा तपाइँको कोही साथीहरू बोझको समयमा हुनुहुन्छ भने खीष्टमा राखिदिनुहोस्, उहाँले सबै समस्या समाधान गरिदिनुहुनेछ । दाउन आफ्नो समस्याको माझमा यसरी भन्दछन्, "मेरो प्राणले परमेश्वरमा मात्र विश्राम पाउँद छ । उहाँबाट नै मेरो उद्धार आउँदछ । " (पद १) "हे मेरो प्राण परमेश्वर ! मात्र विश्राम गर, मेरो आशा उहाँबाटै आउँदछ ।" (पद ५) जब हामी परीक्षामा परेको समयमा उहाँतिर फर्कन्छौँ । उहाँले हामीलाई सहायता गर्नुहुन्छ भन्ने याद र विश्वास गर्नुपर्छ । उहाँले किन हामीलाई सहायता गर्नुहुन्छ ? दाउदले नडराईकन परमेश्वरलाई भन्दछन्, "परमेश्वरले एउटा कुरा बोल्नु भएको छ, मैले दुई कुरा सुनेको छु, कि हे परमेश्वर तपाइँ बलियो हुनुहुन्छ । र हे परमप्रभु तपाइँ प्रेमी हुनुहुन्छ । निश्चय नै हरेक मानिसलाई त्यसको काम अनुसार प्रतिफल दिनुहुन्छ ।" (भजनसंग्रह ६२ : ११ - १२) अर्को शब्दमा भन्दा हामी परमेश्वरलाई विश्वास गर्न सक्छौँ कि उहाँ शक्तिशाली हुनुहुनछ । उहाँले हामीलाई अति नै प्रेम गर्नुहुन्छ र उहाँ हाम्रो निमित के असल छ त्यो गर्नुहुन्छ किनकि उहाँको अपार शक्ति छ । उहाँसाग असम्भव कुरालाई सम्भव बनाउने शक्ति छ । दाउनले हामीलाई उत्साह दिँदछन्, "हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्नो मन खोल किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।" (पद ८)

परमेश्वरसँग हाम्रो खाँचोमा पूरा गर्ने तत्वहरू छन्, त्योभन्दा पनि उहाँ हाम्रो सबै खाँचो हुनुहुन्छ । यर्मियाले भन्दछन्, "तर म यो स्मरण गर्दछु यसैले मलाई आशा दिन्छ, परमप्रभुको महान् प्रेमले गर्दा हामी भस्म भएका छैनौँ, उहाँका कृपाको अन्त कहिल्यै हुँदैन । हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ । तपाइँको विश्वासता महान् छ । मेरो प्राणले भन्छ, परमप्रभु नै मेरो सर्वस्व हुनुहुन्छ, यसैकारण म धैर्यसाथ उहाँको प्रतिक्षा गरिरहन्छु । परमप्रभुको बाटो हेर्नेहरू, उहाँलाई खोज्नेहरूप्रति परमप्रभु कृपालु हुनुहुन्छ ।" (विलाप ३ : २१ - २५) परमेश्वरले आफ्नो शान्तिले काम गर्नुहुन्छ । उहाँले सान्त्वना, उत्साह दिनुहुन्छ । उहाँमा आश दिनुहुने, खुसी, बचावट जुटाउनुहुने, क्षमा दिनुहुने, छुटकारा दिनुहुने, मुक्ति दिनुहुने, बिरामी निको पार्नुहुने शक्ति दिनुहुने, बुद्धि ज्ञान दिनुहुने, अनुग्रह र जीवन दिनुहुने हुनुहुन्छ । "उहाँ मात्र मेरो चट्टान, मेरो उद्धारक र मेरो किल्ला हुनुहुन्छ, म डग्ने छैन । मेरो उद्धार र मेरो इज्जत परमेश्वरमा आश्रित छ । मेरो शक्तिशाली चट्टान र मेरो शरणस्थान परमेश्वर नै हुनुहुन्छ ।" ( भजनसंग्रह ६२ : ६ - ७) त्यस्तै फेरि "तिम्रा चिन्ता र फिक्री परमप्रभुमा राख र उहाँले तिमीहरूलाई सम्हाल्नु हुनेछ । उहाँले धर्मीलाई कहिल्यै डग्न दिनुहुने छैन ।" (भजनसंग्रह ५५ : १२)

**परमेश्वरका खुबीहरू**

(१) "यसकारण मैले यो कुरा भोगेको पनि छु । तर म शर्माउँदिन, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु र मलाई निश्चय छ जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ ।" (२ तिमोथी १ : १२)

(२) उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादा प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ ? (एफिसी ३ : २०)

(३) "परमेश्वरले तिमीहरूलाई हरेक आशिष प्रशस्त मात्रामा दिन सक्नुहुन्छ ताकि तिमीहरूसित सधैँ नै हरेक कुरा प्रशस्त होस् र हरेक असल कामका निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक । " (२ कोरिन्थी ९ : ८)

(४) "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ ।" (हिब्रू ७ : २५) (५) "अब जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निस्कलंक प्रस्तुत गर्न सक्नुहुन्छ ।" (यहूदा १ : २५)

(६) "यसैकारण मैले यी कुरा भोगेको पनि छु। तर म सर्माउँदिन किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु, र मलाई निश्चय छ जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ।" (२ तिमोथी १ : १२)

(७) "हे परमप्रभु परमेश्वर तपाईंले नै आफ्नो महाशक्ति र पसारिएको बाहुले आकाश र पृथ्वी सृष्टि गर्नुभएको हो। तपाइँको लागि कुनै काम कठिन छैन।" (यर्मिया ३२ : १७)

(८) "परमप्रभुको निम्ति कुनै कुरो कठिन छ र ? आउँदो साल तोकिएकै समयमा म तकहाँ फर्किआउनेछु र साराको एउटा छोरो हुनेछ।" (उत्पत्ती १८ : १४)

(९) येशूले तिनीहरूमाथि दृष्टि लगाई भन्नुभयो, मानिसहरूको लागि यो असम्भव छ तर परमेश्वरको लागि सबै कुरा सम्भव छ। "हे सबै थाकेका र बोझले दबिउका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछै किनकि मेरो जुवा सजिलो छ र मेरो भारी हलुका छ।" "परमप्रभुको आत्मा ममा छ किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति र परमप्रभुको प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनु भएको छ।" (मत्ती १९ २६, ११ : २८ : ३०, लूका ४ : १८)

(१०) "किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन।" "परमप्रभुको हात ममाथि पऱ्यो, अनि उहाँले मलाई परमप्रभुका अमात्माद्वारा भरिएको बीचमा तल-माथि लानुभयो र मैले त्यस बेसीको जमिनमा थुप्रै हाडहरू देखें। ती हाडहरू असाध्य सुकेका थिए। उहाँले मलाई सोध्नुभयो, हे मानिसको छोरो के यी हाडहरू फेरि जीवित हुन सक्छन् ? मैले जवाफ दिएँ, हे परमप्रभु परमेश्वर, यो त केवल तपाइँले मात्र जान्नुहुनेछ। तब उहाँले मलाई भन्नुभयो, यी हाडहरूलाई अगमवाणी कहेर भन, हे सुकेका हाड हो, परमप्रभुको वचन सुन ! यी हाडहरूलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म तिमीहरूमा सास हालिदिनेछु र तिमीहरू जीवित हुनेछौ। म तिमीहरूमा नसाहरू टाँसिदिनेछु, र तिमीहरूमा मासु बढाइदिनेछु, र छालाले म ढाकिदिनेछु, र तिमीहरूमा सास हालिदिनेछु, र तिमीहरू जीवित हुनेछौ। तब तिमीहरूले म नै परमप्रभु छु भनी जान्नेछौ। यसैले उहाँले आज्ञा गर्नुभएकै मैले अगमवाणी कहे। जब मैले अगमवाणी कहँदै थिएँ, तब त्यहाँ कऱ्याककुरक आवाज भयो, र ती हाडहरू एक-अर्कोसित जोडिन लागे। अनि मैले हेर्दाहेर्दै तिनमा नसा र मासु भरिए र ती छाला हे मानिसको छोरो, साससलाई अगमवाणी गर् र त्यससलाई भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः हे सास, चारै दिशाबाट आइज र यी मारिएकाहरूमाथि फुकिदे र ती जीवित भएर उठुन्। तब उहाँले आज्ञा गर्नुभएझैँ मैले अगमवाणी कहन लागेँ र सास तिनमा पस्यो। तिनीहरू जीवित भएर आ-आफ्ना खुट्टामा उभिए र त्यहाँ एक अत्यन्तै ठूलो सेना भयो। तब उहाँले मलाई भन्नुभयो, हे मानिसको छोरो, यी हाडहरू जम्मै इस्राएलको घटना हो। तिनीहरू भन्छन्, हाम्रा हाडहरू सुकिसके र आशा नै हरायो। हामी त्यागियौँ। यसकारण अगमवाणी कहेर तिनीहरूलाई भन् : परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ : हे मेरा प्रजा, म तिनीहरूका चिहानहरू खोर तीबाट तिमीहरूलाई बाहिर निकाल्नेछु। म तिमीहरूलाई इस्राएलका देशमा फेरि ल्याउनेछु। तब हे मेरा प्रजा जब म तिमीहरूको चिहानहरू खोलेर तीबाट तिमीहरूलाई बाहिर निकालेर ल्याउनेछु, तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ। म मेरो आत्मा तिमीहरमा हालिदिनेछु र तिमीहरू बाँच्नेछौ। म तिमीहरूलाई तिमीहरूको आफ्नै देशमा बसाल्नेछु। तब तिमीहरूले यो जान्नेछौ कि म परमप्रभुले नै यो भनेको छु, र मैले नै यो गरेको छु, परमप्रभु भन्नुहुन्छ।" "हेर म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आउँछ, के तिमीहरू तयो देख्दैनौ ? म मरुभूमिमा एउटा बाटो र रुखो जमिनमा खोलाहरू बनाउँदैछु।" (लुका १ : ३७, इजकिएल ३७ : १ - १४, यशैया ४३ : १९)

(११) "उहाँले टुक्रिएको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ र तिनीहरूका चोटहरूमा पट्टी

**नियमित बाइबल पढ्ने बानी बसालौं**

बाँधिदिनुहुन्छ ।" (भजनसंग्रह १४७ : ३)
(१२) "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एक समान हुनुहुन्छ ।" " यस भवनका पछिको महिमा अघिको भन्दा अझ बढ्ता हुनेछ भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । अनि यस ठाउँमा म शान्ति प्रदान गर्नेछु, सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।" "म तिमीहरूलाई ती वर्षहरूको भर्ना गरिदिनेछु, जो ठूलो सलह, जवान सलह र अरु सलह, अर्थात् मैले तिमीहरूका बीचमा पठाएको, मेरो ठूलो सेनाले खाएको थियो ।" "म तिमीहरुमा मानिसहरू र पशुहरूको वृद्धि गरिदिनेछु र तिनीहरू फलवन्त भएर धेरै हुनेछन् । अघिजस्तै तिमीहरूमा म मानिसहरू बसाल्नेछु, र पहिलेको भन्दा अझ बढी तिमीहरूको उन्नति गराउनेछु । तब तिमहिरूले म नै परमप्रभु छु भनी जान्नेछौ ।" "उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ ।" (हिब्रू १३ : ८, हाग्गै २ : ९, योएल २ : २५, इजकिएल ३६ : ११, एफिसी ३ : २०)
(१३) "उहाँ घरमा पस्नु भएपछि ती अन्धा मानिसहरू उहाँकहाँ आए । येशूले तिनीहरूलाई भन्नुभयो, म यो गर्न सक्छु भनी के तिमीहरू विश्वास गर्दछौ ? तिनीहरूले उहाँलाई भने ज्यू, प्रभु, तब उहाँले तिनीहरूका आँखा छोएर भन्नुभयो, तिमीहरूको विश्वासअनुसार तिमीहरूलाई होस् ।" (मत्ती ९ : २८ - २९)

यी आदि परमेश्वरका खुबीहरू हुन्, यीभन्दा अझ बढी बाइबलमा उल्लेख गरिएका छन् ।

# अनुग्रहमा बढ्नु

## Growth in Grace

**By Charles H. Spurgeon**

Vol. 77 No. 9 (921)

अनुग्रहमा बढ्नु भन्नेबारेमा २ पत्रुसको पुस्तकले यसरी भन्दछ, "तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाओ, उहाँलाई अहिले र सदा सर्वदा महिमा होस् । आमेन ।"

हामीले बढ्नुलाई दुई या तीन भागमा लिन सकिन्छ ।

(१) साधारण बढ्नु (२) अलि केही छिटो मात्रामा बढ्नु र (३) ख्रीष्टसँग अति नै घनिष्ट भएर बढ्नु ।

पहिलो भन्नाले मानिसहरू बिस्तारै ख्रीष्टको अनुग्रहमा बढ्दै जानु । तर परमेश्वरको अनुग्रह कसलाई पनि घटिकमी भन्ने हुँदैन तर कसरी हामी उहाँमा बढ्ने भन्नेबारे त्यो हामीमा भर पर्दछ । कसैले यसलाई अति नै विस्तारै आफ्नो जीवनमा लागू गर्दछन् र उनहिरूको वृद्धि पनि अति नै विस्तारै भएको देखिन्छ ।

अर्को दोस्रो चाहिँ, कसैले परमेश्वरको अनुग्रह अनन्त छ भन्ने बुझेर यसलाई आफ्नो जीवनमा लिएका हुन्छन् । अनुग्रह के हो थाहा छ, तर त्यसलाई पूर्णरूपमा आफ्नो जीवनमा प्रयोगमा ल्याउन सकेका हुँदैनन् । उनीहरू मध्यम वर्गमा अगाडि बढिरहेका हुन्छन् । त्यस्ता मानिसले परमेश्वरको प्रेमचाहिँ प्राकृतिक हो यो कसैलाई घटी, कसैलाई कमी हुँदैन भन्ने सोचेर त्यही अनुसार व्यवहारमा उतारेका हुन्छन् । त्यस्तै प्रकारको बढाई चाहिँ समुद्रको गहिराइमा डुबेको जस्तै हो कि जति गहिराइमा पुग्यो उति आनन्द लिन सक्ने उहाँको सत्यता र प्रेमलाई भित्री हृदयदेखि ग्रहण गरेर अगाडि बढ्ने आफ्नो पूर्ण जीवनलाई नै पूर्ण रूपले रूपान्तरण गरेर परमेश्वरको अनुग्रह आफ्नो जीवनमा प्रकट भएको अरुलाई समेत देखाउन सक्ने ।

तर म के भन्दछु भने परमेश्वरको अनुग्रहमा हामीले केही विकास गरेनौ भने कहिल्यै अगाडि बढ्न सकिँदैन ।

त्यसकारण यहाँ थुप्रै प्रकारका मानिसहरू हामीले पाउन सकिन्छ, कोहीमा छिटो सुधार गर्ने खुबी हुन्छ । कोहीमा छिटो विश्वास गर्ने खुबी हुन्छ, जुन चाहिँ अति नै गुणयोग्य हुन्छ, कोहीमा अरुलाई अति नै प्रेम गर्न सक्ने खुबी हुन्छ । त्यसैले यहाँ थुप्रै प्रकारका मानिसहरू हुन्छन्, जसले आफ्नो खुबीलाई ख्रीष्टको अनुग्रहमा बढाउँदै लैजान्छन् ।

र, तेस्रो प्रकारको अनुग्रहमा बढ्नु भनेको यसलाई तापोले नाप्न नसकिने प्रकारको हुन्छ । यो चाहिँ हप्तामा, महिनामा र वर्षमा अझ त्यो भन्दा पनि बढी प्रकारले वृद्धि भइरहेको हुन्छ । तिनीहरूको वर्षको आधारमा वृद्धि भएका हुँदैनन् । त्यसैले परमेश्वरको अनुग्रहमा वृद्धि हुनु भनेको हामी व्यक्तिमा भर पर्दछ । उसको जीवनमा पवित्र आत्मालाई कसरी काम गर्न दिन्छ,

त्यसरी त्यो आत्मिक जीवनमा परमेश्वरको अनुग्रहमा बढ्दै बढ्दै जान्छ । म बोल्दा म आफैं कसरी प्रभुको अनुग्रहमा वृद्धि भए त्यही अनुसार बोल्न सक्छु । तर मानिसहरू कहिलेकाहीँ छिट्टो अनुग्रहमा बढ्दछन् भने कहिलेकाहीँ कसैलाई वर्षौं लाग्न सक्छ । र, त्यो अनन्तसम्म पनि हुन सक्छ । जब परमेश्वरको अनन्तको अनुग्रह प्राप्त हुन्छ त्यो सधैँ रहिनै रहन्छ जसले हामीलाई ज्ञान दिनुहुन्छ, दर्शन दिनुहुछ, हाम्रो कमजोरीहरूलाई मेटाई दिनुहुन्छ र लुकेका अदृश्य गल्तीहरू प्रस्ट पारिदिनुहुन्छ र आत्मसन्तुष्टि बनाउनु हुन्छ । जब पवित्र आत्मा म माथि वास गर्नुहुन्छ म उहाँबाट चलाइन्छु र सबैतिर सफलता पाउँदछु । परमेश्वरका जनहरू रुखजस्तै बढ्दै जान्छन् । कहिलेकाहीँ परमेश्वरको वचनमा माथि बढ्दै जान्छन् त कहिले तल पनि हुन सक्छन् त्यो सब पवित्र आत्मामा भर पर्नुमा निर्भर हुन्छ । कहिलेकाहीँ रुखका हाँगाहरू भाँचिएको जस्तै हुन्छ जब रुखले पानीले मूल पाउँदैन, बढ्न सक्दैन । उस्तै परे सुकेर पनि जान्छ, त्यस्तै हामी पनि परमेश्वरको वचनको साथसाथै पवित्र आत्माको शक्तिमा हामी भएनौ भने हामी सुकेर जान पनि सक्छौं ।

अर्को कुरा अनुग्रहमा बढ्दै जानु भनेको अनुभव मात्र पनि होइन । अधिकार पनि हो । यदि तपाइँको अधिकार खोसियो भने अनुग्रहमा वृद्धि हुन सक्दैनौं । कोही परमेश्वरका सृष्टि अन्धकारमा पनि हुर्कन्छन् र तिनीहरूलाई हुर्कन अन्धकारबाट ज्योति ल्याउनु हुन्छ । म तपाइँलाई भन्दछु कि मलिलो ठाउँमा परको बिरुवा जस्तै पवित्र आत्मा प्रकट हुनुहुन्छ । आशा नभएका र शक्ति नभएकाहरूलाई पवित्र आत्माले ढाकिदिनुहुन्छ र हामी हाम्रो विश्वासमा वृद्धि हुनेछौं । शिखरजस्तै उच्च हुनेछौं ।

त्यसैले तपाइँको वृद्धिलाई आफ्नो अनुभवअनुसार ननाप्नुहोस् । कसैले कसैलाई प्रभुको अनुग्रहलाई वायुमिटरले जस्तै नाप्ने चलन हुन्छ । यस्तो नगर्नुहोस् । यदि हामी खीष्टमा छौं भने उहाँमा रहेर काम गर्नुपर्छ । जस्तोसुकै परिस्थितिमा पनि परमेश्वरका छोराछोरी भएर विश्वासयोग्य थुमाको रूपमा काम गर्नुपर्छ । उहाँलाई अन्धकारमा पनि विश्वास गर्नुहोस्, विभिन्न जोखिममा उहाँमाथि भरोशा गर्नुहोस् र उहाँबाट सिक्नुहोस् । उहाँले जस्तै कार्यमा सबै परिणत गरेर देखाउनुहोस् । तपाइँको खुट्टालाई चिप्लन दिनुहुँदैन र उहाँले सम्हाल्नुहुन्छ ।

अनुग्रहमा वृद्धि हुनु भनेको खीष्टको ज्ञानमा वृद्धि हुनु पनि हो । खीष्टको ज्ञानमा अति नै नजिक भएर उहाँको ज्ञानमा पूर्णरूपमा भरिएर पनि हुन सक्छ । "खीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाओ" खीष्टबाहेक अन्त कोहीद्वारा पनि वृद्धि हुन सकिँदैन । खीष्ट येशूमा मात्र ज्ञान पाउन सकिन्छ । हामी जहिले पनि के म खीष्टमा वृद्धि भएको छु ? यो प्रश्नको उत्तर खोजी रहनु पर्छ । हिजोभन्दा आज के म असल प्रकारले बाँच्न सकेको छु । के मेरो जीवनमा खीष्ट हिजोभन्दा आज हरेक पक्षमा उच्च हुनुहुन्छ । परमेश्वरमा साँचो प्रकारको वृद्धि भनेको खीष्टको ज्ञानमा वा बाइबलको आज्ञालाई दैनिक जीवनमा उतार्नु हो र पुरानो जीवनलाई त्याग्नु हो ।

खीष्ट को हुनुहुन्छ र उहाँको ज्ञान के हो भनी खोजी गर्न र त्यसमा लागी पर्न नै उहाँको ज्ञानमा बढ्दै जानु हो । खीष्टको प्रेमसहित उहाँमा बढ्नु पर्छ । हामी कति धेरै उहाँको प्रेमबारे जान्दछौं । सायद तपाइँ भन्नुहुन्छ म खीष्टको प्रेममा बढ्न चाहन्छु । उहाँको पछि लाग्नुको कारण जान्न चाहन्छु, मेरो आत्मालाई उहाँको आवश्यकता छ । यदि खीष्टको प्रेममा बढ्नु हो भने खीष्टको बारेमा जान्नु अति नै आवश्यक छ । यदि तपाइँले आफ्नो मुक्तिदाताको बारेमा राम्रोसँग बुझ्नु भयो भने उहाँको प्रेमलाई बुझ्नुहुन्छ र उहाँलाई प्रेम पनि गर्नुहुन्छ । उहाँको सुन्दरताको खोजी गर्नुहुन्छ, उहाँको महानताको बारेमा, उहाँको सार्वभौमता, उहाँको शुद्धता र उहाँको महिमाको बारेमा खोजी गर्नुहुन्छ र जब यी सबै कार्य पत्ता लाग्दछ तब तपाइँले खीष्टलाई पनि त्यसरी नै प्रेम गर्नुहुन्छ किनकि, तपाइँ खीष्टको अनुग्रहमा बढ्नलाई तयार हुनुहुन्छ र उहाँको प्रेममा पनि ।

विश्वासको बारेमा पनि त्यस्तै हो, विश्वास गर्नुको कारण के हो भन्ने खोजी गर्नेहरूलाई पनि त्यसरी नै खीष्टको बारेमा राम्रोसँग पढ्न र जान्नु उत्तिकै आवश्य छ । संसारका थुप्रै मानिसहरूले येशू हुनुहुन्छ भनी राम्रोसँग खोजी गरेर बुझ्ने हो भने उहाँमा विश्वास गर्नु के हो पत्ता लगाउन सक्छन् । जब उनीहरूले खीष्टको सत्यता पत्ता लगाउँदछन्, उनीहरूले पनि सत्यमा विश्वास गर्दछन् । यतिबेला म आफैंलाई सम्झन्छु कि यदि मैले खीष्ट के हो भनेर खोजी नगरेको भए

म विश्वास गर्न सक्ने थिइन । म आफैँले आफ्नो व्यापार-बिजनेस अथवा आफ्ना आवश्यकतातिर मन लगाएको भए म आफैँ संसारमा हुने थिए । यदि तपाइँले आफ्नो विश्वासलाई बलियो बनाउन चाहनुहुन्छ भने आफ्नो आँखा खीष्टतिर केन्द्रित गर्नुपर्छ । यदि तपाइँ खीष्टमा विश्वासमा जीउन र बलियो बन्न चाहनहुन्छ भने क्रूसको नजिक जानुपर्छ । यदि तपाइँ खीष्टको चेला हुनुहुन्छ भने दिनदिनै उहाँको रगतको गवाही हुनुपर्छ । उहाँको बारेमा जान्नु र सोच्नु, विचार गर्नु तब मात्र तपाइँको विश्वास बलियो हुन्छ । तपाइँको अलि अलि भएको विश्वास खीष्टमा असल प्रकारले जरा गाड्न सक्नुहुन्छ ।

त्यस्तै गरेर हामी खीष्टमा साहसी हुनु पनि त्यत्तिकै आवश्यक छ । खीष्टमा परमेश्वरको अनुग्रहलाई पूर्णरूपमा महसुस गर्न साधारण साहसले गर्न सकिँदैन । यो पूर्ण रूपमा लागी पर्नुपर्छ । हरेक किसिमका नैराश्यलाई पार गर्दै उहाँको अनुग्रहको महसुस गर्दै अगाडि बढ्नुपर्छ । यदि हामीले खीष्टलाई राम्रोसँग थाहा छ भने उहाँले हामीलाई हरेक किसिमका परिस्थितिमा सामना गर्न साहस दिनुहुन्छ । म साँच्चै भन्दछु कि यदि हामीले खीष्टलाई हाम्रो भित्री हृदयदेखि साँचो विश्वास गरेका छौँ भने हाम्रो जीवनमा आउने कुनै किसिमका परिस्थितिबाट पनि डराउँदैनौँ किनकि हामीलाई थाहा हुन्छ कि यो सबै उहाँको इच्छामा हो ।

यी सबै गर्नको निम्ति हाम्रो उत्कृष्ट इच्छा पनि हुनुपर्छ । यी दिनहरूमा थुप्रै मानिसहरूले परमेश्वरको अनुग्रहलाई पूर्णरूपले हराइरहेका छन् । हामी खीष्टको नजिक हुनुपर्छ । खीष्टलाई जान्न चाहनेले उत्कृष्ट इच्छा राखेन भने यो सम्भव छैन । उनीहरूलाई मनमा प्रश्न लाग्न सक्छ कि के मेरो मुक्तिदाताले मेरो निम्ति रगत बगाएको हो त ? के म डराउनै पर्छ त ? के फेरि उहाँ आउनुहुन्छ त ? के म अरुलाई यो बताउनु पर्छ त ? अहिलेका प्रचारकहरूले साँचो प्रकारले काम गरिरहेका हुँदैन । अल्छी प्रकारले प्रचार गर्दछन् । यो उनीहरूसँग साँचो उत्कृष्ट इच्टा नराखेको कारण पनि हो । हामी प्रचारकले पहिला खीष्टको बारेमा राम्रोसाग जानेर अरुलाई पनि बुझ्ने गरी यी माथिका सबै प्रश्नको उत्तर पाउने प्रकारले प्रचार गर्नुपर्छ । यदि हामी उहाँको बारेमा साँचो दर्शन देखेका छौँ भने, खीष्टको मृत्युको बारेमा सजिलैसँग बताउन सक्छौँ । खीष्टको शिरमा पैरिएको मुकुट मेरो निम्ति थियो, जो आज खीष्टले पैरिदिनुभयो । त्यसैले म जे पनि गर्छु, थोरै धेरै त्यो खीष्ट प्रभुको निम्ति मात्र गर्दछु ।

यदि हामी भाइभाइमा दयालु बन्ने हो भने पनि हामीले खीष्टको बारेमा राम्रोसँग बुझ्नु पर्छ । संसारमा भाइभाइकाको बीचको प्रेम देख्न पाइँदैन । साँचो भाइभाइको प्रेम खीष्टमा मात्र पाउन सकिन्छ । त्यस्तै गरेर हामी नम्रता र भद्रतामा बढ्न पनि अनुग्रह चाहिन्छ । यदि हामीले खीष्टलाई हाम्रो नजिकतामा रहन दियौँ भने हामीमा पक्कै पनि नम्रता र भद्रता पनि बढ्दै जान्छ । सबैभन्दा महत्वपूर्ण बुँदा यो पनि लिन सकिन्छ किनकि मानिसको जीवनमा सबैभन्दा महत्वपूर्ण तत्व यो नै हो । यदि तपाइँमा मानवता छ भने तपाइँका सबैथोक तपाइँको पछि लागेर आउँदछ । त्यसैले यहाँ म तपाइँहरूलाई यही उत्साह दिन चाहन्छु कि यदि तपाइँमा खीष्टको मानवता छ भने तपाइँले त्यो कहिल्यै नटुङ्गिने प्रेम गर्नुहुन्छ र निस्वार्थ प्रेम गर्नुहुन्छ । तपाइँ साँच्चै नै नम्र बन्नुहुन्छ । तपाइँले पक्कै पनि आफ्नो मुक्तिदातलाई हेर्नुहुन्छ र त्यसपछि तपाइँले भन्नु हुनेछ उहाँ मेरो निम्ति मर्नुभएको हो र म उहाँमा बाँचेको छु । तपाइँले तपाइँको विश्वासद्वारा आफ्नो मुक्तिदातालाई देख्नुहुनेछ । तपाइँले आफ्नो सम्पूर्ण थोक उहाँमा सुम्पिनु भएपछि आफूलाई रित्तो पाउनुहुनेछ । उहाँको महनतालाई तपाइँले पूर्ण रूपमा देख्नुहुनेछ । जब तपाइँ उहाँको अनुग्रहको ज्ञानमा र बुद्धिमा बढ्दै जानु हुन्छ । म केही पनि र कोही पनि होइन भन्नुहुन्छ । तपाइँ आफू खीष्टमा हराउनुहुन्छ र नम्र बन्नुहुन्छ ।

त्यसैले मित्रहरू हो, खीष्टको ज्ञानमा बढ्नुहोस् । पवित्र बाइबल धेरैभन्दा धेरै पढ्नुहोस्, पवित्र आत्माको खोजी गर्नुहोस् । धेरैभन्दा धेरै समय आराधनामा बिताउनुहोस् । कल्बरीको महिमा देख्नलाई शक्ति माग्नुहोस् । खीष्टले दुःख भोग्नुभएको क्षणलाई सम्झना गर्नुहोस् । क्रूसको मृत्युका सम्झना गर्नुहोस् । येशूसँग रहनुहोस् उहाँको नजिकतामा रहनुहोस् । प्रभुको शक्तिद्वारा आफूलाई परिवर्तन गर्नुहोस्, त्यसपछि तपाइँहरू साँच्चै नै परिवर्तन भएको मानिस देखिनु हुनेछ र उहाँको शक्तिमा सधैँ धैर्यधारण भएर काम गर्न सक्नुहुनेछ । येशूलाई हेर्नुहोस् ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल



प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त



G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442



Published by: Gospel Revival Inc.


(all rights reserved)


Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com